# क्व्होलासोथार गाउँपालिका अध्यक्ष श्री सूर्यप्रसाद गुरुङ ज्यूद्वारा प्रस्तुत आ.व. २०८०/०८१ को

# बार्षिक नीति तथा कार्यक्रम

क्व्होलासोथार गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

मालिङ, लमजुङ

गण्डकी प्रदेश, नेपाल ।

गण्डकी प्रदेश सरकारको संस्थापक मुख्यमन्त्री एवं प्रतिनिधी सभाको माननीय सदस्य पृथ्वीसुव्वा गुरुङज्यू, क्व्होलासोथार गाउँपालिकाको निवर्तमान अध्यक्ष प्रेम बहादुर घलेज्यू, क्व्होलासोथार गाउँपालिकाको निवर्तमान उपाध्यक्ष कुमारी मुनी गुरुङज्यू, क्व्होलासोथार गाउँपालिका उपाध्यक्ष गमीमाया गुरुङज्यू एवं गाउँ सभाका सम्पूर्ण सदस्यज्यूहरु

यस क्व्होलासोथार गाउँपालिकाको १४ औं गाँउसभा (बजेट अधिवशन) मा गण्डकी प्रदेश सरकारको संस्थापक मुख्यमन्त्री एवं प्रतिनिधी सभाको माननीय सदस्य पृथ्वीसुव्वा गुरुङ एवं सम्पूर्ण गाउँ सभाको सदस्यज्यूहरुलाई हार्दिक स्वागत गर्न चाहन्छु। यस सम्मानित चौधौं (१४ औं) गाउँसभामा आर्थिक बर्ष २०८०/०८१ को बार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा मलाई गौरवको महसुस भएको व्यहोरा यस सम्मानित सभालाई जानकारी गराउन चहान्छु । यस अवसरमा म सर्वप्रथम सामन्ती, निशकुंश, केन्द्रिकृत र एकात्मक शासन प्रणालीको अन्त्य गरी संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था स्थापना गर्नको लागी जीवन उत्सर्ग गर्नु हुने ती प्रातः स्मरणीय सम्पूर्ण ज्ञात, अज्ञात शहिदहरुप्रति भावपूर्ण श्रद्धान्जली अर्पण गर्दछु साथै सवै घाइते, बेपता एवं घाइते परिवारहरुप्रति उच्च सम्मान प्रकट गर्दै घाइतेहरुको शीध्र स्वास्थ्य लाभको कामना गर्दछु ।

क्व्होलासोथार गाउँपालिका वडा नं. ६ को वडा अध्यक्ष मनलाल गुरुङको ममतामयी माता खमी गुरुङ**,** क्व्होलासोथार गाउँपालिका वडा नं. ४ को वडा सदस्य टिक बहादुर गुरुङको ममतामयी माता विनकाशी गुरुङ र वडा नं ४ भुजुङका वडा सदस्य डिल बहादुर गुरुङको ममतामयी आमा कमिनी गुरुङको दुःखद निधनप्रति भावपूर्ण श्रद्धान्जली अर्पण गर्दछु साथै शोक सन्तप्त परिवारजनप्रति गहिरो समावेदन प्रकट गर्दछु।

अव म आगामी आर्थिक बर्ष २०८०/०८१ को बार्षिक नीति तथा कार्यक्रम यस सम्मानित गाउँ सभा समक्ष प्रस्तुत गर्दछु।

यस नीति तथा कार्यक्रम तय गर्दा संवैधानिक व्यवस्था, स्थानीय तहको एकल र साझा सूची, पन्ध्रौं योजनाको आधार पत्र, संघीय सरकारको आर्थिक नीति, प्रदेश सरकारको पञ्चबर्षिय योजनाको आधार, स्थानीय सरकार संचालन ऐन २०७४, गाउँपालिकाको आवधिक त्रि–बर्षिय योजना, वडा वडाबाट आएका सुझाव तथा कार्यक्रमहरु, गाँउपालिको आन्तरिक श्रोत तथा साधनहरु, दीगो विकास लक्ष्य प्राप्तिको लागी अन्तराष्ट्रिय स्तरमा व्यक्त गरेको प्रतिवद्धताहरु, निर्वाचनको समयमा मतदाता समक्ष व्यक्त गरेको प्रतिवद्धताहरुलाई नीति तथा कार्यक्रमको मुख्य मार्गदर्शनको रुपमा लिएको छु । यस नीति तथा कार्यक्रममा वस्तुगत धरातल र श्रोत साधनको सन्तुलन हुने गरी तर्जुमा गरिएको छ । संघीय सरकार र प्रदेश सरकारबाट वित्तीय समानीकरण अनुदान, राजस्व वाडफाँड वापत प्राप्त अनुदान, समपूरक अनुदान, आन्तरिक श्रोत (राजस्व) तथा अन्य अनुदानलाई समेत आधार मानी बजेट विनियोजन गर्ने नीति लिइनेछ। चालु आर्थिक बर्ष २०७९/०८० को बार्षिक नीति तथा कार्यक्रम र बजेट

कार्यान्वयनको हालको अवस्थालाई समीक्षा गर्दा योजना तथा कार्यक्रमहरुको उपलब्धि सन्तोषजनक नै रहेको छ ।

सम्मानित सभाका सदस्यज्यूहरु

अब, म विषयगत/क्षेत्रगत नीति तथा कार्यक्रम प्रस्तुत गर्दछु ।

## १. आर्थिक विकास

### क. कृषि तथा पशुपन्छी विकास

- ❖ कृषि तथा पशुपालन क्षेत्रको आधुनिकीकरण र यान्त्रीकरण गरी जनताको आय स्तर वृद्धि गर्ने नीति लिइनेछ ।
- ❖ नगदे बाली उत्पादक कृषकहरुको लागि अनुदानको व्यवस्था गरिनेछ ।
- ❖ बाझोखेतलाई उपयोग गर्ने नीतिलाई निरन्तरता दिइनेछ ।
- ❖ कृषि वीमा र पशु वीमा कार्यक्रमको शुरुवात गरिनेछ ।
- ❖ निर्वाहमुखी कृषि तथा पशुपालन प्रणालीलाई विस्थापित गरी व्यवसायिक कृषि तथा पशुपालनमा जोड दिईनेछ ।
- ❖ प्राकृतिक रूपमा पाइने जडिवुटीको संरक्षण गर्दै जडिवुटि नर्सरी तथा खेती प्रणालीमा जोड दिने नीति अबलम्बन गरिनेछ ।
- ❖ पशुपालक कृषकहरुको पशुहरुलाई स्वस्थ्य आहारको लागि ढाले घाँसका विरुवा र विउ वितरण गरिनेछ ।
- ❖ व्यवसायिक रुपमा भैसी पालक कृषकहरुलाई गोठ व्यवस्थापनका लागि अनुदान तथा आवश्यक सामाग्रीको व्यवस्था गरिनेछ ।
- ❖ **दलित महिलाहरुको जिविकोपार्जनलाई सहजताको लागि गाँउपालिकाको अध्यक्षसँग बाखा, बंगुर, सुगुर निःशुल्क वितरण कार्यक्रम संचालन गरिनेछ ।**
- ❖ जुनोटिक रोग लगायतका अन्य रोग नियन्त्रणका लागि आवश्यक सचेतनामूलक कार्यक्रम संचालन गरिनेछ ।

### ख. उद्योग, बाणिज्य तथा व्यापार

- ❖ ढुङ्गा, गिटी तथा बालुवाको स्रोतको संक्षिप्त प्रारम्भिक वातावरणीय मूल्यांकन (IEE) तयार गरी उत्खनन र निकासी गर्ने व्यवस्था मिलाइनेछ ।
- ❖ व्यवसाय दर्ता तथा नविकरण प्रक्रियालाई अझ व्यवस्थित गर्दै लगिनेछ ।

- ❖ राजस्व अभिबृद्धि योजनालाई प्रभावकारी रुपमा कार्यान्वयनमा ल्याईनेछ ।
- ❖ युवा जनशक्तिलाई देश विकासको मुल प्रवाहमा ल्याउनको लागि व्यवसायिक तालिमहरु र अनुदानको व्यवस्था गरिनेछ ।
- ❖ परम्परागत रुपमा दलितहरुले संचालन गर्दै आएका पेशाहरुलाई संरक्षण एवं सम्वर्द्धन गर्दै लगिनेछ ।

## ग. पर्यटन विकास

- ❖ पर्यटनको विकासलाई आर्थिक मेरुदण्डको रुपमा विकास गर्नका लागि पर्यटनमैत्री बातावरण निर्माण गरी पूर्वाधारहरुको निर्माण गर्दै लगिनेछ ।
- ❖ परम्परागत भीर मह शिकारलाई संरक्षण तथा सम्बर्द्धन गर्ने नीति लिईनेछ ।
- ❖ होम स्टे सम्बन्धि बुलेटिन, हाते पुस्तिका, पोष्टरहरु प्रकाशन गरिनुका साथै तालिम, गोष्ठि तथा सेमिनार संचालन गरिनेछ ।
- ❖ गाँउपालिका केन्द्रमा अवस्थित ऐतिहासिक म्रोचे ङ्यो (पोखरी) को पुनः निर्माण कार्यलाई अगाडि बढाइनेछ ।

## घ. पदमार्ग

- ❖ नजरे देखि कपुरगाउँ सम्म पदमार्ग निर्माण गरिनेछ ।
- ❖ कव्होलासोथार वडा नं ४ भुजुङमा पर्यटकीय पदमार्ग निर्माण कार्य अगाडि बढाइनेछ ।

## ङ. भाषा, कला, संस्कृति

- ❖ गाउँपालिका भित्र रहेका मठ मन्दिर, कोईबोधीं, गुम्बा, चर्च र धार्मिक तथा ऐतिहासिक थलोहरुको संरक्षण र सम्वर्द्धनमा जोड दिइनेछ ।
- ❖ स्थानिय परम्परागत भेषभुषा, मौलिक कला र संस्कृतीहरुको संरक्षण र सम्बर्द्धन गर्न विभिन्न महोत्वसहरुको आयोजना गरिनेछ ।
- ❖ गाउँपालिकामा कला सस्कृतिको विकास र सम्वर्द्धनको लागि पालिका स्तरीय कलाकृति प्रतियोगिता गरिनेछ ।

## च. गरिवी निवारण तथा रोजगार

- ❖ गाँउपालिकामा संचालित सहकारी संस्थाहरुको नियमन गरी सहकारीमा रहेको सीप, जनशक्ति र पूँजीलाई उत्पादनमूलक काममा लगाउन प्रोत्साहित गर्ने नीति लिईनेछ ।
- ❖ सहकारीको सिद्धान्त, मुल्य र मान्यतालाई आत्मसाथ गर्दै सवै शेयर सदस्यहरुको हितमा काम गर्न सहजीकरण गरिनेछ ।
- ❖ गाउँपालिकालाई सुरक्षित नागरिक आवास बनाउनको लागि सुरक्षित नागरिक आवास कार्यक्रमलाई खरको छानामुक्त बनाउने अभियानसँग जोडिनेछ ।
- ❖ गरिवी निवारणको लागि लद्यु उधम विकास कार्यक्रमलाई अझ व्यवस्थित गर्दै लगिनेछ ।

## २. सामाजिक विकास

### क. शिक्षा, युवा तथा खेलकुद विकास

- ❖ सामुदायिक विद्यालयहरुको शैक्षिक गुणस्तरमा एकरुपता ल्याउनका लागि विद्यालयहरुको बार्षिक परीक्षालाई पालिका स्तरमा संचालन गरिनेछ ।
- ❖ सामुदायिक विद्यालयहरुको अनुगमन तथा निरीक्षणलाई तिव्रता दिइनेछ ।
- ❖ कक्षा १–५ संचालित आधारभूत विद्यालयहरुमा ई– हाजिरीको व्यवस्था गरिनेछ ।
- ❖ सामुदायिक विद्यालयहरुको शैक्षिक गुणस्तर अभिवृद्धिका लागि शिक्षकहरुको क्षमता विकास कार्यक्रम र अभिभावक शिक्षा कार्यक्रम लागु गरिनेछ ।
- ❖ शिक्षा क्षेत्रसँग सरोकार राख्ने गैह्र सरकारी संघ संस्थाहरुसँग सहकार्यको नीति गाउँपालिकाले अगाडि बढाउनेछ ।
- ❖ विद्यालयहरुमा संचालन गरिएको अंग्रेजी माध्यमको पठनपाठनलाई क्रमशः लागु गर्दै लगिनेछ ।
- ❖ गरिब तथा जेहेन्दार र उत्कृष्ट अंक ल्याउने सामुदायिक विद्यालयका विद्यार्थीहरुलाई माध्यमिक तथा उच्च शिक्षा अध्ययनका लागि छात्रबृति कोषलाई निरन्तरता दिई विधार्थीहरुलाई छात्रवृति प्रदान गरिनेछ ।
- ❖ विद्यालयका बालबालिकाहरुलाई विद्यालयमा नै मासिक रुपमा स्वास्थ्य जाँच गर्ने व्यवस्था मिलाइनेछ ।
- ❖ गाउँपालिकामा रहेका सामुदायिक विद्यालयहरुमा शैक्षिक गुणस्तर अभिवृद्धिका लागि विद्यालयहरुमा सूचना प्रविधिमैत्री कार्यक्रम संचालन गरिनेछ ।
- ❖ गाउँपालिकास्तरीय परिक्षालाई थप विश्वसनीय एवं प्रभावकारी बनाउनका लागी निरन्तर विद्यार्थी मूल्याङ्कनको प्रयोगलाई थप सुदृढीकरण गरिनेछ ।

- ❖ आधारभूत तह (कक्षा १–५) मा लागु गरिएको स्थानिय पाठ्यक्रमलाई निरन्तरता दिनुका साथै कक्षा ६–८ मा स्थानीय पाठयक्रम निमार्ण गरी कार्यान्वयनमा ल्याइनेछ ।
- ❖ सार्वजनिक पुस्तकालय स्थापना गर्ने नीतिलाई निरन्तरता दिईनेछ ।
- ❖ विद्यालयमा अध्यनरत छात्राहरुको लागि सेनेटरी प्याडको नियमित रुपमा भरपर्दो वितरणको व्यवस्था मिलाइनेछ ।
- ❖ विद्यालयमा संचालन हुदै आएको दिवा खाजा कार्यक्रमलाई जङ्गफुड निषेध गरी निरन्तरता दिइनेछ ।
- ❖ सामुदायिक विद्यालयहरुमा अध्ययनरत विपन्न लक्षित छात्रछात्राहरुलाई गाउँपालिका अध्यक्षसँग पोशाक कार्यक्रम गरिनेछ ।
- ❖ फुटवल खेलको विकास र प्रवर्द्धनलाई निरन्तरता दिनको लागि पालिका स्तरीय अध्यक्ष कप फुटवल प्रतियोगिता संचालन गरिनेछ साथै अन्य खेलहरुजस्तै भलिवल, व्याडमिन्टन लगायत खेलको विकास र प्रवर्द्धनमा जोड दिइनेछ ।
- ❖ राष्ट्रपति रनिंङ शिल्ड प्रतियोगितालाई थप व्यवस्थित बनाउदै लगिनेछ साथै जिल्ला स्तरीय राष्ट्रपति रनिंङ शिल्ड प्रतियोगितालाई गाँउपालिकामा संचालन गर्नको लागि पहल गरिनेछ ।
- ❖ एक वडा एक खेल मैदान निर्माण एवं निर्मित खेलमैदानहरुको स्तरोन्नति गर्ने नीति अबलम्बन गरिनेछ ।

## ख. स्वास्थ्य

- ❖ दलित तथा विपन्न परिवारको लागि स्वास्थ्य बिमा कार्यक्रमलाई निरन्तरता दिईनेछ ।
- ❖ गाउँपालिकाभित्र आवश्यकता अनुसार समय समयमा विशेषज्ञ टोली सहितको निःशुल्क स्वास्थ्य शिविर संचालन गरिनेछ ।
- ❖ गाउँपालिको आफ्नै लगानीमा साल्मेभञ्ज्याङ स्वास्थ्य चौकीमा MBBS डाक्टरी सेवालाई निरन्तरता दिदै ल्याव सेवा स्थापनाको लागि आवश्यक पहल गरिनेछ ।
- ❖ बालबालिकाहरुलाई कुपोषण हुनबाट बचाउनको लागी पोषणको व्यवस्था मिलाई सुनौला हजार दिन कार्यक्रमलाई निरन्तरता दिईनेछ ।
- ❖ पूर्ण खोप सुनिश्चितता तथा दिगोपना घोषणा कार्यक्रमलाई निरन्तरता दिईनेछ ।
- ❖ आकस्मिक सेवा तथा विरामीहरूलाई अस्पतालसम्म पुर्याउनका लागि भरपर्दो साधनको व्यवस्था गरिनेछ ।

- ❖ ज्येष्ठ नागरिक, अपाङ्गता असहायहरुको लागि वडाहरुमा निःशुल्क स्वास्थ्य क्लिनिकको व्यवस्था गरिनेछ साथै ८० बर्ष नाघेका ज्येष्ठ नागरिकहरुलाई मासिक रुपमा घरमै स्वास्थ्य सेवा परीक्षणको व्यवस्था मिलाइनेछ ।
- ❖ गाउँपालिकामा निर्माणाधिन अवस्थामा रहको १५ शैंया तथा ५ शैंयाको अस्पताल निर्माण कार्यको अनुगमनलाई तिव्रता दिईनेछ ।
- ❖ गर्भवती महिलाहरुको स्वास्थ्य परिक्षणको लागि तालिम प्राप्त स्वास्थ्यकर्मीहरुद्वारा निःशुल्क भिडियो एक्स-रे सेवालाई निरन्तरता दिइनेछ ।
- ❖ विपद् व्यवस्थापन कार्यका लागि द्रुत प्रतिकार्य टोली (Rapid Response Team) लाई सक्रिय बनाईनेछ ।
- ❖ मुटु, क्यान्सर, मृगौला, कलेजो जस्ता असाध्य रोगहरुको लागि दिइदै आएको आर्थिक सहयोगलाई निरन्तरता दिईनेछ ।
- ❖ स्वास्थ्य संस्थाहरुमा टेलिमेडिसिन सेवाको शुरुवात गरिनेछ ।
- ❖ क्षयरोग मुक्त गाउँपालिका घोषणा गर्न आवश्यक पहल गरिनेछ ।
- ❖ सम्पुर्ण स्वास्थ्य संस्थाहरुमा २४ सैँ घण्टा सेवा प्रवाह संचालनका लागि जडान गर्न बाँकी रहेको स्वास्थ्य संस्थामा Solar Backup को व्यवस्था गरिनेछ ।
- ❖ नसर्ने रोग सम्बन्धि स्किनिङ सेवा संचालन गरिनेछ ।
- ❖ एच.आइ.भि.संक्रमित/अपाङ्गता भएको व्यक्ति तथा दीर्घ रोगी लक्षित कार्यक्रमहरु संचालन गरिनेछ ।

## ग. दलित, महिला, बालबालिका तथा सामाजिक सुरक्षा

- ❖ दलित, महिला, बालबालिका तथा लोपोन्मुख जातीका समुदायलाई विकासको मुलधारमा ल्याउनका लागि लक्षित कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
- ❖ बालविवाह, वहुविबाह तथा महिला हिंसाजन्य कार्यलाई न्यूनिकरण गर्न जनचेतना मूलक कार्यक्रमहरु संचालन गरिनेछ ।
- ❖ गाँउपालिका केन्द्रमा स्तनपान कक्षको व्यवस्था गरिनेछ ।
- ❖ जेष्ठ नागरिकहरुको सम्मानार्थ सामजिक सुरक्षा भत्तालाई प्रत्येक वडा वडामा वितरण गर्ने व्यवस्थालाई निरन्तरता दिईनेछ ।
- ❖ महिला समानता तथा समावेशीकरण नीतिलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न उपाध्यक्षसँग महिला कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- ❖ विद्यालयहरुमा बालमैत्री कार्यक्रम संचालन गरिनेछ ।

- ❖ जेष्ठ नागरिक, एकल महिला तथा अपाङ्गता भएका व्यक्तिहरुलाई पहिचान गरी सम्मान गरिनेछ ।

## घ. खानेपानी तथा सरसफाई

- ❖ एक घर एक धाराको कार्यक्रमलाई अगाडि बढाईनेछ ।
- ❖ परम्परागत स्थानीय पानीका मुल, कुँवा, पोखरी एवं ढुङ्गेधाराहरुको संरक्षण तथा सम्वर्द्धन गरिनेछ ।
- ❖ पूर्ण सरसफाई गाँउपालिका घोषणा गरिनेछ ।
- ❖ घाम्राङ मपिङ खानेपानी योजना निर्माण कार्यलाई अगासडि बढाइनेछ ।

## ङ. सूचना तथा प्रविधी

- ❖ गाउँपालिकाको सूचना व्यवस्थापन प्रणालीलाई प्रभावकारी बनाइनेछ ।
- ❖ सूचना प्रविधीको माध्यमबाट प्रवाह हुने सेवा प्रवाहमा थप विस्तार गरिनेछ साथै कार्य प्रक्रियामा सरलीकरण गरिनेछ ।
- ❖ गाउँपालिकाको समग्र शाखागत तथा वडागत कार्यहरुलाई प्रविधीमैत्री बनाउन आवश्यक व्यवस्था मिलाइनेछ ।

# ३. पूर्वाधार विकास

## क. मोटरबाटो

- ❖ गाउँपालिकाको केन्द्र र वडाहरुलाई जोड्ने मोटर बाटाहरुलाई संघ, प्रदेश र स्थानिय तहको आफ्नै लगानीमा स्तरोन्नति गर्दै लाने नीति अवलम्बन गरिनेछ ।
- ❖ दुई जिल्ला तथा दुई स्थानीय तह जोड्ने सडक खण्डलाई प्राथमिकताका साथ निर्माण गर्नको लागि संघ तथा प्रदेश सरकारसँग सहकार्य र समन्वय गरिनेछ ।
- ❖ वडा कार्यालय र स्वास्थ्य चौकी भवनहरू निर्माण, मर्मत सम्भार तथा सूचना प्रविधिमैत्री, अपाङ्गमैत्री कार्यालय निर्माणका लागि आवश्यक वजेट विनियोजन गर्नुका साथै संघ र प्रदेश सरकारसँग समन्वय गरिनेछ ।
- ❖ पसगाउँ र भुजुङ जोड्ने सडकको स्तरोन्नतिमा जोड दिइनेछ ।
- ❖ गिलुङ बेत्यानी सडकलाई स्तरोन्नती गरिनेछ ।

- ❖ सिङ्दी पसगाउँ बगैचाँ सडक खण्डलाई ग्राभेल गरि स्तरउन्नती गरिनेछ ।
- ❖ डडुवादेखि पालिका केन्द्र जोड्ने सडक छापा साल्मेभञ्ज्याङ मालिङ सडकलाई स्तरोन्नती गरिनेछ ।
- ❖ पसगाँउ मौरो कुना सिङ्दी कृषि सडकलाई जोड्नको लागि कार्य अगाडि बढाईनेछ ।
- ❖ बाग्लुङपानी घलेगाउँ सडक खण्ड कालोपत्रे गर्न प्रदेश सरकारसँग समन्वय गरिनेछ ।
- ❖ घलेगाँउ भुजुङ सडक खण्डलाई स्तरोन्नतीका लागि प्रदेश सरकारसँग आवश्यक पहल गरिनेछ ।
- ❖ गाउँपालिकाभित्रको मोटर बाटोहरुमा बर्षा याममा यातायातलाई सहज र सरल तरिकाले संचालन गर्नको लागी आवश्यकता अनुसार जेसिभी मेशिनको साथै बाटो हेरालुको थप व्यवस्था गरिनेछ ।
- ❖ सामुदायिक भवन निर्माण कार्यलाई निरन्तरता दिने नीति अवलम्बन गरिनेछ ।
- ❖ वडा कार्यालय भवन निर्माण कार्यलाई निरन्तरता दिईनेछ ।
- ❖ बालुवावेसी तल्लो चरागाँउ मोटर बाटोलाई स्तरोन्नति गरिनेछ ।
- ❖ साल्मेभञ्ज्याङ घाम्राङ पसगाँउ मोटरबाटोलाई स्तरोन्नति गरिनेछ ।
- ❖ साम्रो करैभीर नजरे मोटरबाटोको मर्मत सम्भार गर्दै लगिनेछ ।
- ❖ खगुम काडेल्हुँ मोटरबाटो मर्मत सम्भार गरिनेछ ।
- ❖ नमक्यू देखि मकैमर्याङ हुदैं सुम्ले मोटर बाटो स्तरउन्नती गरिनेछ ।

## ख. मोटरेवल पुल

- ❖ सिङ्दी वगैचा पसगाँउ सडक खण्ड अन्तर्गत काम्रो खोला र लुङ्गी खोलामा मोटरेवल पुलको निर्माण कार्यलाई अगाडि बढाइनेछ ।
- ❖ क्व्होलासोथार –२ र मध्यनेपाल –८ जोड्ने मिदिम खोलाको मोटरेवल पुल निर्माण लागि पहल गरिनेछ ।
- ❖ निर्माण सम्पन्न भएको गाउँपालिका केन्द्र जोड्ने मिदिमखोला मोटरेवल पुल र क्व्होलासोथार गाउँपालिकालाई कास्कीसँग जोड्ने रुदीखोला मोटरेवल पुलको संरक्षण एवं संवर्द्धनमा जोड दिइनेछ ।
- ❖ मिदिमखोला, रुदी खोलामा आवश्यकता अनुसार मोटरेवल पुलको लागि प्रदेश एवं संघ सरकारसँग निर्माणको लागि पहल गरिनेछ ।
- ❖ क्व्होलासोथार –७ लमजुङ र मादी ८ कास्की जोड्ने रुदी खोला बालुवावेसीको मोटरेवल पुल निर्माणको लागि पहल गरिनेछ ।

## ग. झोलुङगे पुल

- ❖ गाउँपालिका भित्र निर्माणाधिन झोलुङगे पुलहरुलाई समयमा नै सम्पन्न गर्नको लागि पहल गरिनेछ।
- ❖ पलाचे खोला र ढोसो खोलाहरुमा झोलुङ्गे पुल निर्माणको कार्यलाई अगाडि बढाइनेछ ।

## घ. विद्युत तथा उर्जा

- ❖ नवीकरणीय उर्जालाई प्राथमिकतामा राखी पर्यटकीय स्थानमा सडक सौर्य बत्ति जडान कार्यलाई प्राथमिकता दिईनेछ ।
- ❖ गाउँपालिकाभित्रको विद्युत सेवालाई भरपर्दो बनाउनका लागि नेपाल विद्युत प्राधिकरणको केन्द्रिय प्रसारण लाइनमा क्रमशः जोड्दै लगिनेछ ।
- ❖ गाउँपालिका अन्तर्गत विद्युत सेवा सुबिधा नपुगेको स्थानीय बस्तीहरुमा उज्यालो गाउँपालिका कार्यक्रम अन्तर्गत विद्युत सेवा जडान नीति अवलम्बन गरिनेछ ।

## ङ. सामुदायिक भवन

- ❖ सामुदायिक भवन निर्माण कार्यलाई आवश्यकता अनुसार निर्माण गर्दै लाने नीति अवलम्बन गरिनेछ।

## च। सिंचाई तथा ढल निकास

- ❖ थोपा सिंचाई प्रणालीलाई प्रवर्द्धन गरिनेछ ।
- ❖ आवश्यकता अनुसार ढल निकासको उचित व्यवस्थापन गर्दै लगिनेछ ।
- ❖ झिमरखोला क्याम्ले स्वाँरा मैदुफाट सिंचाई योजना निर्माण गरिनेछ ।

## ४. वन, वातावरण तथा विपद् व्यवस्थापन

- ❖ वनको कार्ययोजना अनुसार उत्पादकत्व वृद्धि गर्न वनको गोडमेल, छटानी कटानी गर्न डिभिजन वन कार्यालयसँग समन्वय गरि अगाडि बढिनेछ ।
- ❖ ढुङगा गिटी वालुवा जस्ता प्राकृतिक स्रोतको उचित प्रयोग र परिचालन गर्न बातावरणीय सन्तुलन कायम रहने गरी स्थानिय जनतासँग सहकार्य गर्ने नीति अवलम्बन गरिनेछ ।
- ❖ विपद्को वेला सम्बन्धित निकायसँग समन्वय र सहकार्य गर्दै पालिका स्तरीय विपद् व्यवस्थापन कोषबाट जिन्सी, खाद्यान्न तथा आर्थिक सहायता उपलव्ध गराईनेछ ।
- ❖ वन क्षेत्रमा जडिबुटी (सतुवा, टिमुर र ओखर) समेतको विरुवा उत्पादन, वितरण र खेती विकासमा सम्बन्धीत कार्यालयहरुसँग समन्वय गरी अगाडि बढिनेछ ।
- ❖ नयाँ ट्र्याक खोलिएका सडकमा भू-क्षय, पहिरोबाट जोगाउनका लागि वायो इन्जिनियरिङ प्रविधीलाई प्रयोगमा ल्याउने व्यवस्था मिलाईनेछ ।
- ❖ गाउँपालिकाको विपद् व्यवस्थापन कोषलाई थप व्यवस्थित बनाउदै लगिनेछ ।
- ❖ ACAP सँग समन्वय गरी वन, वन्यजन्तु सरक्षण गरी पर्यटन प्रवर्द्धनमा जोड दिईनेछ ।

## ५. सुशासन, संस्थागत, विकास तथा सेवा प्रवाह

- ❖ निर्वाचित जनप्रतिनिधिहरुको क्षमता अभिबृद्धि कार्यक्रम संचालन गरिनेछ । गाउँपालिकाका कर्मचारीहरु र सामुदायिक विद्यालयका शिक्षकहरुसँग कार्य सम्पादन सम्झौता गरिनेछ ।
- ❖ न्यायिक समितीको कार्य सम्पादन प्रकृयालाई प्रभावकारी बनाउनको लागि समितिको पदाधिकारी र मेलमिलापकर्ताहरुलाई न्यायिक ज्ञान, सीप अभिबृद्धिका लागि आवश्यक तालिमको व्यवस्था मिलाइनेछ ।
- ❖ गाउँपालिकाको नयाँ प्रशासकिय भवनबाट चुस्त र दुरुस्त सेवा प्रवाह गरी जनताको कामलाई छिटो छरितो र व्यवस्थित ढंगले सम्पादन गरिनेछ ।
- ❖ प्रशासकिय भवन कार्यालयलाई प्रविधी मैत्री बनाइनेछ ।
- ❖ कर्मचारीहरुलाई उच्च मनोवलका साथ कार्यसम्पादन गर्नका लागि उनीहरुमा भएको ज्ञान, सीप र क्षमताको उचित मुल्यांकन गरि निश्चित मापदण्डका आधारमा पुरस्कृत गर्ने कार्यलाई निरन्तरता दिईनेछ ।

- ❖ प्रत्येक नागरिकलाई संविधान प्रदत्त सूचनाको हक भएकाले गाउँपालिका भित्र संचालित विभिन्न आयोजनाहरु/योजनाहरु, कार्यक्रमहरु, निर्णयहरु तथा अन्य सूचनाहरु गाउँपलिकाको आधिकारिक वेवसाईड तथा अन्य विद्युतिय माध्यमबाट सूचना प्रकाशन गर्ने व्यवस्था मिलानेछ ।
- ❖ गाउँपालिकाले प्रवाह गर्ने सेवा, कार्यक्रमहरु र योजनाहरुको बारेमा गाउँपालिका बासीहरुलाई जानकारी दिन तथा गाउँपालिका बासीहरुको पृष्ठपोषण लिन त्रैमासिक रुपमा सार्वजनिक सुनुवाईको कार्यक्रम गरिनेछ ।
- ❖ व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा भत्ता लाभग्राहीको विवरण प्रणालीमा आवद्ध गरि छिटो, छरितो र पारदर्शी सेवालाई निरन्तरता दिईनेछ ।
- ❖ गाउँपालिकाको कर्मचारीहरूलाई सुशासन तथा सकरात्मक सोच लगायत सेवा प्रवाह सम्वन्धी तालिमहरूको व्यवस्था गरी सुशासनलाई अभिवृद्धि गरिनेछ ।
- ❖ कार्यालय परिसरमा सार्वजनिक सम्पतिको सुरक्षाका लागि  सिसिटिभि मार्फत निगरानी कार्यको व्यवस्था गरिनेछ ।
- ❖ सेवा प्रवाह सरल तथा सहज बनाउन नागरिक बडापत्र, निवेदनको उचित ढाँचाहरु तयार गरी सबै वडा कार्यालयहरुमा उपलव्ध गराई सेवामा एकरुपता ल्याईनेछ ।
- ❖ गाउँपालिकामा विगत बर्षहरु देखि अविछिन्न रुपमा करार/अस्थाई सेवामा कार्यरत कर्मचारीहरुको सेवा सन्तोषजनक रहेकाको हकमा निजहरुको करार सेवा सम्झौतालाई आवश्यकताका आधारमा निरन्तरता दिईनेछ ।

अन्त्यमा,

यस सम्मानित सभामा प्रस्तुत गरिएका योजना, नीति तथा कार्यक्रमहरुको कार्यान्वयमा विशेष जोड दिदै समुन्नत र सम्बृद्ध क्व्होलासोथार गाउँपालिका निर्माण गर्न सबैले आ-आफ्नो स्थानबाट उल्लेखनीय भूमिका निर्वाह गर्नु नै हुनेछ भन्ने विश्वास लिएको छु । विगतका वर्षहरुमा झै  आगामी आर्थिक बर्षमा पनि कार्यक्रम कार्यान्वयनको चरणमा यहाँहरु सवैको सदा साथ र सहयोग रहने विश्वास लिएको छु । धन्यवाद ।

सूर्यप्रसाद गुरूङ
अध्यक्ष
क्व्होलासोथार गाउँपालिका
मालिङ, लमजुङ